# गण्डकी प्रदेश सरकार
# आर्थिक मामिला मन्त्रालय
पोखरा, नेपाल

पत्र संख्या : ०८०/८१
चलानी नं.: ६०१

मितिः २०८०/१२/०१

गण्डकी प्रदेश सरकार आर्थिक मामिला मन्त्रालय पोखरा, नेपाल

श्री स्थानीय तह (सबै)
गण्डकी प्रदेश।

**विषयः- विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रमको प्रस्ताव पेश गर्ने सम्वन्धमा।**

प्रदेश वित्त व्यवस्थापन ऐन,२०७५ बमोजिम गण्डकी प्रदेश सरकारद्वारा स्थानीय तहलाई प्रदान गरिने वित्तीय हस्तान्तरण अन्तर्गत आगामी आर्थिक वर्ष २०८१/८२ को लागि विशेष र समपूरक अनुदान अन्तर्गतका आयोजना तथा कार्यक्रम "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को अनुसूची-१ बमोजिमको ढाँचामा तीन तीनवटा आयोजना तथा कार्यक्रम देहाय बमोजिम प्रस्ताव गरी सम्वत् २०८० चैत मसान्तभित्र आर्थिक मामिला मन्त्रालयमा पेश गर्नु हुन मिति २०८०/१२/०१ गतेको निर्णयानुसार अनुरोध छ।

देहायः-

(क) विशेष अनुदानतर्फ आयोजना तथा कार्यक्रम प्रस्ताव गर्दा बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ९ को उपदफा (७) र समपूरक अनुदानतर्फ उपदफा (८) बमोजिमको क्षेत्रमा गर्नु पर्नेछ।

(ख) विशेष र समपूरक अनुदान एकीन गरी आयोजना तथा कार्यक्रमको प्राथमिकताक्रम तोकी प्रत्येक अनुदानको लागि तीन तीन वटा आयोजना तथा कार्यक्रम लागत अनुमान सहित प्रस्ताव गर्नु पर्नेछ।

(ग) समपूरक अनुदानमा सञ्चालन हुने आयोजना तथा कार्यक्रमको लागत अनुमान न्यूनतम एक करोड रुपैयाँ हुनु पर्नेछ।

(घ) विगतमा सम्पन्न हुन नसकेका गण्डकी प्रदेश सरकारद्वारा समपूरक र विशेष अनुदान अन्तर्गत सञ्चालित आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिई प्रस्ताव पेश गर्न सकिनेछ।

(ङ) आगामी आर्थिक वर्षमा सम्पन्न गर्न सकिने आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिई प्रस्ताव गर्नु पर्नेछ।

(च) प्रस्ताव पेश गर्दा समपूरक आयोजनाको हकमा आयोजनाको कूल लागत मध्ये स्थानीय तहले बेहोर्ने अंश बाहेक अन्य स्रोतबाट जुटाउने लगानीको स्रोत सुनिश्चित हुने आधार पेश गर्नु पर्नेछ।

(छ) अनुदान माग गर्ने सम्बन्धी कार्यपालिकाको बैठकको निर्णयको प्रमाणित प्रतिलिपी समेत संलग्न गर्नु पर्नेछ।

राजेन्द्र बन्धु अर्याल
उपसचिव

*नोटः-"बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" मन्त्रालयको* **website: https://mof.gandaki.gov.np** *बाट डाउनलोड गर्न सकिनेछ।*